ईशनाथ नगरपालिका

# स्थानीय राजपत्र

मिति २०७९/०४/३०

संख्या ४

खण्ड ३

भाग-२

## ईशनाथ नगरपालिका

## आर्थिक सहयोग तथा विपद् सहयोग कार्यविधि, २०७९

**प्रस्तावना:** ईशनाथ नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहायतालाई छिटो, छरितो, मितव्ययी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र सहायता प्राप्त गर्नेहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई अपेक्षित परिणाम हासिल गर्न तथा ईशनाथ नगरपालिका कोषको सही सदुपयोग तथा परिचालन गर्न र सामाजिक सुरक्षा र संरक्षण प्राप्त गर्ने नागरिकहरुको मौलिक हकको प्रत्याभूत गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी ईशनाथ नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ यस कार्यविधिको नाम ईशनाथ नगरपालिका "आर्थिक सहयोग तथा विपद् सहयोग कार्यविधि, २०७९" रहनेछ। यो कार्यविधि तुरुन्त प्रारंभ हुनेछ।

२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "आर्थिक सहयोग तथा विपद् सहयोग" भन्नाले कुनै पनि किसिमको दैविक विपति वा मानवीय कारणबाट जीउज्यान, धनजन चौपाया र अन्य सम्पत्ति क्षति भएको व्यक्तिलाई नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउँछ।

(ख) "दैविक विपति" भन्नाले भुकम्प, बाढी, पहिरो, चटयाङ, हुरी, बतास, असिना, शितलहर, तातो हावाको लहर जस्ता प्रकोप भन्ने बुझाउँछ।

प्रमाणिकरण

(ग) "मानवीय विपत्ति" भन्नाले मानिसका कारणबाट भएको आगलागी, महामारी, हुलदंगा, जल, औद्योगिक दुर्घटना, विषाक्त खाद्य सेवन, विषाक्त ग्याँस, रसायन या विकिरण चुहावट जस्ता विपत्ति भन्ने बुझाउँछ ।

(घ) "दीर्घ रोग" भन्नाले क्यान्सर, मुटुरोग, मृगौला सम्बन्धी रोग र एच आई भी एड्स आदि जस्ता रोग बुझाउँछ।

## परिच्छेद २

## सहयोग रकम

३. संकटहरु पूर्ण रुपमा समाधान गर्न नसकिने र न्यूनीकरणका उपायहरु अपनाउँदा अपनाउँदै समेत संकट आइपर्ने उक्त संकट व्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहायता प्रदान गर्न सकेमा समाज र व्यक्तिलाई केहिमात्रामा भएपनि राहत पुग्ने महशुस गर्दै तपशिल अनुसारको शीर्षकमा तपशिल अनुसारको आर्थिक सहायता नगर प्रमुखको आदेश बमोजिम रु. पाँच सय देखी रु पन्ध्र हजार सम्म नगद वा जिन्सी मालसामान प्रदान गरिनेछ । सो भन्दा बढी रु २५ हजार सम्मको आर्थिक सहयोग कार्यपालिका बैठकको निर्णयानुसार प्रदान गर्न सकिनेछ । घटनाको प्रकृति हेरी रु. १५ हजार भन्दा माथि आर्थिक सहयोग प्रदान गर्दा विपद् व्यवस्थापन समिति र सामजिक विकास समितिको सिफारिस पेश गर्नु पर्नेछ ।

क. मृत्यु भएमा मृतकका परिवारका लागि तत्काल राहत पुग्ने गरी

| कारण | सहायता गर्न सकिने रकम |
|---|---|
| कालगति (अति-विपन्न, गरिब तथा असहाय) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१५,०००।- |
| आगलागी | काज क्रिया खर्च प्रति व्यक्ति रु.१५,०००।- |
| दुर्घटना (करेन्ट, चट्याङ, साधन तथा औजारबाट) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१५,०००।- |
| रुख, खोलानाला, भीरपहिरो आदि | काज क्रिया खर्च प्रति व्यक्ति रु.१५,०००।- |
| दैवी प्राकृतिक विपत्ति | काज क्रिया खर्च प्रति व्यक्ति रु.१५,०००।- |
| बेवारिसे मानिस (बाहिरबाट आएको वा न.पा. भित्रको ठाउँ.ठेगाना खुल्ने गरी बाहिर गएर मरेको) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१५,०००।- |
| ईशनाथ नगरपालिका क्षेत्रभित्रको वैदेशिक रोजगारका क्रममा मृत्यु भएको व्यक्ति | काज क्रिया खर्च प्रति व्यक्ति रु.१५,०००।- |
| विषालु पदार्थ सेवन (जस्तै पानीमा वीष परेको) | काज क्रिया खर्च प्रति व्यक्ति रु.१५,०००।- |
| जनावरबाट क्षति मनासिब क्षति भए | काज क्रिया खर्च प्रति व्यक्ति रु.१५,०००।- |

वितरणका आधारहरु

(अ) कालगति बाहेकको हकमा प्रहरी सर्जमिन मुचुल्का

(आ) प्रकृति अनुसारको प्रमाणसहित वडा कार्यालयको सिफारिस पत्र

प्रमाणिकरण

(इ) निवेदन

(ई) सम्भव भएसम्म तस्वीर (फोटो)

ख. घाइते तथा उपचारको क्रममा रहेको

| कारण | सहायता गर्न सकिने रकम | |
|---|---|---|
| | गम्भीर | सामान्य |
| जनावर आतंक | बढीमा रु.१०,०००।- | बढीमा रु.२०००।- देखि रु. ५०००।- सम्म |
| आगलागी | बढीमा रु.१०,०००।- | बढीमा रु.२०००।- देखि रु. ५०००।- सम्म |
| बाढी पहिरो | बढीमा रु.१०,०००।- | बढीमा रु.२०००।- देखि रु. ५०००।- सम्म |
| हुरी बतास | बढीमा रु.१०,०००।- | बढीमा रु.२०००।- देखि रु. ५०००।- सम्म |
| चटयागं | बढीमा रु.१०,०००।- | बढीमा रु.२०००।- देखि रु. ५०००।- सम्म |
| मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | बढीमा रु.१०,०००।- | बढीमा. रु.२०००।- देखि रु. ५०००।- सम्म |

वितरणका आधारहरु

(अ) विरामी दर्ता पूर्जा (Prescription)

(आ) प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

(इ) सम्बन्धीत विरामी वा संरक्षकको निवेदन .

ग. गम्भीर प्रकृतिका रोगीहरु (रोगी उपचारको क्रममा हुनुपर्ने)

| रोगका प्रकारहरु | सहायता गर्न सकिने रकम |
|---|---|
| क्यान्सर | बढीमा रु.१०,०००।- |
| मृगौला | बढीमा रु.१०,०००।- |
| मुटु | बढीमा रु.१०,०००।- |
| एच.आई.भी.एड्स | बढीमा रु.७,०००।- |
| दम | बढीमा रु.२५००।- (बिमा प्रोत्साहनको लागि विपन्न परिवारका लागि मात्र) |
| मधुमेह | बढीमा रु.२५००।- |
| उच्च रक्तचाप | बढीमा रु.२५००।- |
| पत्थरी | बढीमा रु.२५००।- |
| छाला तथा नसा रोगी | बढीमा रु.१०,०००।- |

वितरणका आधारहरु

(अ) विरामी दर्ता पूर्जा (Prescription)

(आ) प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

प्रमाणीकरण

(इ) सम्बन्धीत विरामी वा संरक्षकको निवेदन

घ. शीतलहर तथा चिसोबाट हुने क्षति न्यूनिकरणका लागि
शीतलहरको प्रभाव न्यून पार्न नगरपालिकाले जोखिममा रहेका विपन्न तथा गरीब परिवारहरुको पहिचान गरी विपद् व्यवस्थापन समितिको समन्वयमा पर्याप्त मात्रामा ईन्धन, दाउरा, कम्बल वा न्यानो कपडा तथा खाद्यान्न वितरणको लागि आवश्यक व्यवस्था मिलाउन सकिनेछ ।

| सहयोगको किसिम | सहायता गर्न सकिने रकम वा जिन्सी मालसमान |
|---|---|
| ईन्धन वा दाउरा | आवश्यकता अनुसार (सार्वजनिक चोकमा बाल्ने गरी) । |
| कम्बल वा न्यानो कपडा | प्रति परिवार एक थान कम्बल (बढीमा रु.२०००।- पर्ने) र आवश्यकता अनुसार परिवार संख्याको आधारमा न्यानो कपडा । |

वितरणका आधारहरु
(अ) कम्बल वा न्यानो कपडा वितरणकालागि वडा कार्यालयबाट सिफारीस पत्र

४. माथि उल्लेखित विषयमा नपरेका वा छुट भएका जुनसुकै विषयहरु आएमा र नगर प्रमुखलाई मनासिब लागेमा नगर प्रमुखको आदेशबाट बढिमा रु.२५००।- (पच्चिस सय) सम्म भुक्तानी दिन सकिनेछ ।

## परिच्छेद ३
## समयावधि

५. विपद्ले जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा परेको प्रतिकुल असर/प्रभावहरुलाई कम गर्न र दैनिक जीवनयापनमा केही हदसम्म सहजता ल्याउन नियमानुसार राहत रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेक १५ दिन भित्र सम्बन्धीत पीडितलाई उपलब्ध गराईनेछ।

## परिच्छेद ४
## विविध

६. यो कार्यविधिका कुनै दफाहरु संघीय, प्रदेश कानून संग बाँझिएमा उक्त दफा बाँझिएको हदसम्म अमान्य हुनेछ ।
७. यस अधि प्रदान गरिएको आर्थिक सहायकता यसै कानून बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
भुदेव झा
प्रमुख प्रशासकीय अधिकृत

कौशल्या।६१
प्रमाणिकरण